आज मिति २०७९ असार ९ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षता मा तेह्रो औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | कार्यपालिका सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | कार्यपालिका सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | कार्यपालिका सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| १० | श्री भुमिसरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | कार्यपालिका सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | कार्यपालिका सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | कार्यपालिका सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | कार्यपालिका सदस्य | |
| १५ | श्री एकदेव पौडेल | कार्यपालिका सदस्य | |
| १६ | श्री गोपाल थापा | कार्यपालिका सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | कार्यपालिका सदस्य | |
| १८ | श्री केशव राज गौतम | कार्यपालिका सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | कार्यपालिका सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | कार्यपालिका सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री फुल माया वि.क | कार्यपालिका सदस्य | |
| २३ | श्री पार्वती कंडेल | कार्यपालिका सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | कार्यपालिका सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | कार्यपालिका सदस्य | |
| २७ | श्री गिता देवी बोटे | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, उप-सचिव शिक्षा, खेलकुद विकास शाखा
२. जिवलाल श्रेष्ठ योजना अधिकृत, प्रशासन तथा योजना अधिकृत
३. राम कुमार श्रेष्ठ जन स्वास्थ्य अधिकृत स्वास्थ्य शाखा
४. टिकाराम खड्याल, इन्जिनियर, पुर्वाधार शाखा
५. शिव सापकोटा अधिकृत छैठौं आर्थिक विकास शाखा
६. कृष्ण हरी सापकोटा सूचना अधिकारी सूचना तथा प्रविधि शाखा

मिति २०७९।३।९ मा बोलाईएको तेस्रो नगर कार्यपालिका बैठकमा छलफलका लागि प्रस्तुत विषयहरु

१, सकलादेवी महिला कृषि सहकारी संस्थालाई टेक्टर खरिदका लागि अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा ।

२, देवचुली नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ मा संशोधन सम्वन्धमा ।

३, तीन पाङग्रे टेम्पो/इ-रिक्साको भाडा निर्धारण गर्ने सम्वन्धमा ।

४, वडा क्षेत्रका जग्गा वर्गीकरण सम्वन्धमा ।

५, करार कर्मचारीहरुको दरवन्दी व्यवस्थापन सम्वन्धमा ।

६, आगामी आ.ब. को बजेट,नीति तथा कार्यक्रम, आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ लाइ स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सम्वन्धमा ।

७, मध्यकालिन खर्च संरचना सहितका कार्यक्रम सम्वन्धमा ।

Scanned with CamScanner

मिति २०७९।३।९ मा सम्पन्न तेस्रो नगर कार्यपालिका वैठकमा छलफल भई निर्णय भएका विषयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा सकलादेवी महिला कृषि सहकारी संस्थाको माग बमोजिम उक्त सहकारी संस्थाले अन्य सहयोगी संघसंस्थाको अनुदान सहयोग समेतवाट पशुपालक किसानहरुले पालनपोषण गर्दै आएका पशुहरुलाइ दाना चापट ढुवानी गर्ने प्रयोजनको लागि आर्थिक अनुदान सहयोग माग गरेकोले निजहरुले गर्दै आएको पशुपालन व्यवसायलाई प्रोत्साहन स्वरुप उक्त समूहको निजी प्रयोग का लागि कार्यविधिमा तोकिएअनुसार टेक्टर उपयोग,मर्मत सम्हार गर्ने गरी नगरपालिकावाट अधिकतम ५० प्रतिशत खर्च बापत हुनआउने रकम रु, ९ लाख ५० हजार रुपैया समपुरक अनुदान शीर्षकवाट खर्च व्यहोर्नेगरी अनुदान सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा देवचुली नगरपालिकाबाट सार्वजनिक खरिद सम्वन्धी कार्य प्रयोजनका लागि नगरपालिकाबाट स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७ ले दिएको अधिकार समेत प्रयोग गरी कारोवार गर्दै आएकोमा संघीय सरकारबाट सार्वजनिक खरिद नियमावली २०६४ लाइ २०७८।१२।३ मा एघारौं शंसोधन गरी शंसोधित प्रावधानअनुरुप सरकारी कार्यालयमा एकरुपता कायमगरी कार्य गर्नुपर्ने देखिएकोले उक्त संशोधनको व्यवस्थालाइ प्रचलित कानून अनुसार कार्यान्वयन गर्न देवचुली नगरपालिकाको सार्वजकि खरिद नियमावली २०७७ लाई पहिलो शंसोधन गरी संघीय कानूनमा व्यवस्था भए वमोजिम कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रमा संचालनमा आएका तीन पाङ्ग्रे अटो रिक्सा/टेम्पो व्यवसायीहरुले हालको इन्धनमा भएको भारी दरको मुल्यवृद्धिलाइ भाडादरमा समयोजन गरी पाउन माग गरेको सम्वन्धमा निजहरुको माग बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि सीट क्षमता भन्दा वढी यात्रु ओसार पसार नगर्ने, यात्रुवाहक सवारी साधनमा मालसामान ढुवानी नगर्ने, १० वर्षभन्दा माथिका यात्रुलाइ मात्र भाडा लिने, राती १० वजे देखि विहान ४ बजे सम्मको अवधिमा मात्र तोकिएको भाडादरमा दोव्वर भाडा लिनपाउने र भाडा दर सवै यात्रुहरुले स्पष्ट देख्न सकिने गरी टांस गर्ने गरी तोकिए अनुसारको भाडादर प्रमाणित गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रका जग्गाहरुको भू-उपयोग कार्यान्वयन सम्वन्धमा आ-आफ्ना वडामा रहेका जग्गाहरुको वर्गीकरण सम्वन्धी कार्यका लागि सम्वन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय राजनीतिक दलका प्रतिनिधि र आवश्यक परे विज्ञ समेत भएको समिति गठन गरी ३० दिनभित्र भू-उपयोग नियमावली २०७९ को दफा ८ को अनुसूचि १ मा व्यवस्था भए अनुसारको प्रतिवेदन तयार पारी स्थानीय भू-उपयोग परिषद समक्ष पेश गर्ने/गर्न लगाउने निर्णय गरियो ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा नेपाल सरकारले यस नगरपालिका वा अन्तरगतका विषयगत शाखा तथा स्वास्थ्य चौकीहरुका लागि स्वीकृत गरेको दरवन्दी संरचनालाई पुनर्गठन नभएसम्म सोही अनुसारको स्थायी दरवन्दी कायम गर्ने र आगामी आ.व. का लागि अधिकृत छैटौं तहको इन्जिनियर ( अर्किटेक्ट/सिभिल) पद १ करार दरवन्दी थप गर्ने, १२ बटा आधारभूत स्वास्थ्य चौकीहरुमा १/१ जना अ.न.मि. र अ.हे.ब., प्राथमिक स्वास्थ्य केन्द्र दुम्कोलीमा २४ घण्टे सेवा संचालन २ जना, नगरपालिकामा हलुका सवारी चालक पद २, हेभी सवारी चालक पद २, १७ वटा वडा कार्यालयमा १/१ जना, स्वास्थ्य संस्था अन्तरगत बर्थिङग सेण्टरमा २/२ जना, नगरपालिका कार्यालयमा कार्यरत स्थायी बाहेकका ५ जना कार्यालय सहयोगीहरुको करार दरवन्दी कायम गर्नका लागि नगरसभा समक्ष पेशगरी सन्तोषजनक कामगर्ने कर्मचारीहरुलाई जिम्मेवारी तोकी योग्यता र क्षमताको आधारमा करार सेवा प्रकृया अनुसार संझौता गराइ नियमानुसार कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा २०७९ असार १० गतेका दिन बोलाइएको दशौं नगरसभामा आगामी आ.व. २०७९/०८० को बजेट,नीति तथा कार्यक्रम, आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा अन्तराष्ट्रिय सहयोगी संस्था UNDP नेपाल सहितको आर्थिक सहयोग तथा SDIC नेपालको प्राविधिक सहयोगमा तयार भएको यस नगरपालिकाको आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मको तीन बर्षे मध्यकालिन खर्च संरचना MTEF , गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा तयार भएको राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैससास रणनीती स्वीकृत गरी सोही बमोजिम कार्यान्वयका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**विविध विषय:**

देवचुली नगरपालिका ८ नं वडा कार्यालयको सिफारिस अनुसार चालु आ.ब.को सि.नं. ३२६ मा विनियोजित जनचेतना युवा क्लव कम्पुटर तालिमका लागि विनियोजित रकम रु १ लाखबाट ल्यापटप खरिद गरी उपयोगमा ल्याउनका लागि मागभइ आएको, सि.नं.३३७ मा विनियोजित मिठाकोट चोक नाग्दी बाटो ग्रोभेल शीर्षकमा विनियोजित रकम रु, ५० हजारबाट सोही स्थानमा कल्भर्ट निर्माण कार्य गर्ने गरी उक्त रकम रकमान्तर गरी दिने ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner